**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं**

असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मस्तिष्कघातजस्ता रोगहरू लाग्न सक्छन्।

**त्यसैले,**

- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

epratekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर २३ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 08 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १००

## गढीमाई मेलामा बलि दिनेहरू पुग्दै

प्रस, परवानीपुर, २२ मङ्सिर/

बारा जिल्लाको महागढीमाई नगरपालिका–१ बरियारपुरस्थित पञ्चवर्षीय गढीमाई मेलामा भाकल गरेका श्रद्धालुहरू राँगा र बोका लिएर पुग्ने क्रम शुरू भएको छ।



श्रद्धालु भक्तजनहरूले भाकल गरेका राँगा र बोका लिएर मेला भर्न पुगिरहेका छन्। पर्सा, बारा, रौतहट र छिमेकी भारतका विभिन्न ठाउँबाट भक्तजनहरू मेलास्थलमा पुगेको देखिन्छ। वीरगंज महानगर–२२ जगरनाथपुरका लालबाबू पटेल एकजना आफन्तले बोकाको बलि दिनको लागि ट्याक्टरमा सपरिवार शनिवार बिहान मेला प्रस्थान गरेको बताए।

अहिले गढीमाई मेलामा जानेहरूको सङ्ख्या बढेको छ। एउटा ट्याक्टरमा २५ जनाभन्दा बढी महिला, पुरुष र बालबालिका बसेर यात्रा गरिरहेका छन्। गढीमाई मेलामा यसपटक मङ्सिर २३ आइतवार राँगा र भोलिपल्ट २४ गते सोमवार बोकाको बलिको मिति तोकिएको छ।

आइतवार बिहान ४ बजे मुख्य पूजा गरी राँगाको बलि दिने कार्य शुरू हुन्छ। सोमवारसम्म मेलामैं बसेर आनन्द लिनेहरू शनिवारदेखि सो स्थलमा पुगेर स्थान सुरक्षित गर्दैछन्। टेन्ट टाँगेर खाना बनाइ मेलास्थल वरपर उनीहरूले बस्ने चाँजोपाँजो मिलाएका छन्।

## नयाँ कृषि ऐन बन्दैछ –मन्त्री क्षत्री

प्रस, परवानीपुर, २२ मङ्सिर/

मधेस प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दनसिंह क्षत्रीले मधेस प्रदेशमा नयाँ कृषि ऐन ल्याउने गृहकार्य भइरहेको बताएका छन्।

कृषि अनुसन्धान निर्देशनालय परवानीपुरले प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्यमा नवीनतम कृषि प्रविधि प्रवर्द्धन कार्यक्रमको प्रारम्भिक बैठकको अन्तरर्क्रिया कार्यक्रममा शनिवार उनले सो कुरा बताएका हुन्। उनले कृषिमा जबसम्म विकास हुँदैन, तबसम्म प्रदेश र देश विकास नहुने बताए। कृषिसम्बन्धी अनुसन्धान, प्रसार र शिक्षा निकायमा काम गर्दा कृषिमा फड्को मार्न सक्ने उनले विश्वास व्यक्त गरे। ऐन बनाउँदैछौं, चाँडै लागू हुन्छ, नीति बनाएर सही अनुसन्धान र कृषिसम्बन्धी अध्यापन गराउने शैक्षिक संस्थाको सहकार्यमा केही नयाँ गर्न खोजेको उनले बताए। उनले कृषि ज्ञान केन्द्रमार्फत प्रत्येक पालिकामा दुईवटा कृषिसम्बन्धी सेवा केन्द्र बनाएर सेवा प्रभावकारी बनाउने प्रदेश सरकारको लक्ष्य रहेको बताए।

कार्यक्रममा कृषि अनुसन्धान निर्देशनालय परवानीपुरका निर्देशक डा बिपी यादव र पशु तथा मत्स्य विकास निर्देशनालय जनकपुरधामका निर्देशक जागेश्वर यादवले कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यपत्रमा मधेसको कृषिमा



नवीनतम प्रविधिको प्रयोग, उत्पादन, कृषिका मुख्य समस्या, चुनौती र जोखिमबारेमा जानकारी गराइएको थियो।

कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेल, परवानीपुरका गापाका अध्यक्ष रामक्षेत्रीप्रसाद कुर्मी, जगरनाथपुर गापा अध्यक्ष श्रीकान्त यादव, सखुवाप्रसौनीका गापा अध्यक्ष यशवन्त यादव, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव विनय कर्ण, कृषि विकास निर्देशनालयका निर्देशक जीतेन्द्र यादवलगायतको सहभागिता थियो।

## गढीमाई मेलामा गेट बनाउने होडबाजी

प्रस, परवानीपुर, २२ मङ्सिर/

बाराको बरियारपुरमा लागेको पञ्चवर्षीय गढीमाई मेलामा पर्सा र बाराका स्थानीय तह र राजनीतिक दलका




नेताहरूबीच स्वागत गेट लगाउने होडबाजी चलेको छ। मङ्सिर १ गतेदेखि शुरू भएको गढीमाई मेलामा मङ्सिर १७ गते शुक्ल पक्षदेखि मुख्य पूजा शुरू भएको र भक्तजनहरूको भीड शुरू भएको छ। वीरगंज महानगरका केही वडाध्यक्षहरूले महानगरको रजतजयन्तीदेखि प्रतिमाचोक बाइपास सडकमा स्वागत गेट बनाएका छन्। परवानीपुर गापाले बजार क्षेत्रमा गेट निर्माण गरेको छ। वीरगंज–कलैया–बरियारपुर सडकखण्डमा स्थानीय तह र नेताहरूले गेटै गेट बनाएर मेला भर्न आएकाहरूलाई स्वागत गरेका छन्।

यसरी बनाइएका स्वागतद्वारहरूमा २५ हजारदेखि एक लाख रुपैयाँ खर्च भएको बताइन्छ। बाराको हुलाकी राजमार्ग र भारतीय सीमावर्ती क्षेत्रबाट मेलामा आउने सडकमा समेत स्थानीय नेता तथा जनप्रतिनिधिहरूले स्वागतद्वार बनाएका छन्। स्वागतद्वारमा गरिएको यस प्रकारको खर्चको साटो स्थानीय तह र राजनीतिक दलका नेताहरूले मेलाका लागि आवश्यक अन्य कार्यहरूमा खर्च गरेको भए राम्रो हुने सखुवाप्रसौनी गापा–२ का वासुदेव चौधरी बताउँछन्। नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, मुख्यमन्त्री, मन्त्रीहरू, सांसदहरू, पार्टीका अध्यक्षहरू र विभिन्न सङ्घसंस्थाहरूले स्वागतद्वार बनाएका छन्। यसरी सरकारी रकमको दुरुपयोग भएको र सोही बराबरको रकम मेलाका लागि सहयोग गरिएको भए गतिला कामहरू हुने उनी बताउँछन्।

### चार हजार कपडा वितरण

प्रस, वीरगंज/

वीरगंज कपडा बैंकले बलिका लागि विश्वप्रसिद्ध पञ्चवर्षीय गढीमाई मेलामा शनिवार चार हजार कपडा वितरण गरेको छ।

वीरगंज कपडा बैंकका सचिव कन्हैया पटेलले मेलास्थलमा आज चार हजार थान कपडा वितरण गरिएको बताए। उनले मेला भर्न आएकाहरूले आवश्यकता अनुसार बैंकले राखेको स्टलबाट निश्शुल्क कपडा लिएर गएको बताए।

वीरगंज कपडा बैंकका अध्यक्ष लालबाबू सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संरक्षक सुरेन्द्र कुर्मी, सल्लाहकारहरू पन्नालाल गुप्ता, केदार गुप्ता, पवन गुप्ता, सदस्यहरू सञ्जय पटेल, राजेश पटेल, विश्वेश्वर पटेल,



आकाश पटेल, श्रवण रायमाझी, राजेन्द्र भट्टराई, जानकी देवी, शोभा देवीलगायतले सहजीकरण गरेका थिए।

## सामाजिक सञ्जालको दुरुपयोग नगर्नुस् –नगरप्रमुख सिंह

प्रस, वीरगंज, २२ मङ्सिर/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले युवापुस्तामा नकारात्मकता सोच हाबी हुँदै गएको र वीरगंज बनाउने आफ्नो अभियानमा युवालगायत महानगरका सबैको साथ र सहयोग अपरिहार्य हुने बताए।

नगरप्रमुख सिंहले सानो पाइलाले बेलाबखतमा गर्दै आएको कार्यलाई निरन्तरता दिन सुझाए। उनले शुरूका दिनमा आर्थिक समस्याबाट जुधेर पनि सानो पाइलाले अहिलेसम्मको यात्रा पूरा




उनीहरूले आफ्नो सबै खाले जायज नजायज कुण्ठालाई सामाजिक सञ्जालमार्फत पोख्ने कार्य गरिरहेको बताएका छन्।

सानो पाइला संस्थाको शनिवार वीरगंजमा आयोजित १८औं स्थापना दिवस तथा छैटौं साधरणसभामा नगरप्रमुख सिंहले युवाहरूमा देखिएका यस्ता खाले प्रवृत्तिले समाजलाई सही बाटोमा नलग्ने ठोकुवा गरे। उनले राजनीतिक नेतृत्वको स्वस्थ आलोचना युवाहरूबाट हुनु उपयुक्त भएपनि स्वार्थसिद्धिका लागि गरिने टीका–टिप्पणी, गालीगलौजको अवस्था राम्रो नभएको बताए। उनले सामाजिक सञ्जालमार्फत अरूलाई अर्ती उपदेश दिन सजिलो भएको तर आफूमा लागु गर्न भने गाह्रो हुने भन्दै सकारात्मक सुझावहरू सीधा उपलब्ध गराएको खण्डमा सोको समाधानतर्फ पहल हुने विश्वास व्यक्त गरे। उनले सामाजिक सञ्जालमा गालीगलौज गरेर वीरगंज समृद्ध नहुने तर्क गरे। आफूमा भएका कमीकमजोरीलाई सच्याउन तयार रहेको दाबीसहित उनले सकारात्मक सल्लाह, सुझाव पस्किन आग्रह गरे। उनले वैभव लामो समयदेखि वीरगंजमा सामाजिक कार्य गर्दै आएको र अहिले परिपक्व भइसकेको बताए। उनले युवा पुस्ताबाट सञ्चालित संस्थाले आगामी दिनमा अझ प्रगति गरोस् भनी शुभकामना पनि दिए।

सानो पाइलाका संस्थापक अध्यक्ष कञ्चन झाले सानो पाइलाले स्थापनाकालदेखि लागूऔषधविरुद्ध अभियानका साथै सामाजिक कार्य गर्दै आएको बताए। उनले २३ वर्षको उमेरदेखि आफूले संस्था सञ्चालन गरेको बताए।

वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष गणेश लाठले समाजमा रहेका विकृतिहरूविरुद्ध सानो पाइलाले गरेको बताए।

सानो पाइलाका अध्यक्ष सुदीप लामाको अध्यक्षतामा भएको कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपाल, सखुवाप्रसौनी गापाध्यक्ष यशवन्त यादव, सखुवाप्रसौनी गापाकी उपाध्यक्ष ममता महतो, नेकपा एकीकृत समाजवादीका बालगोपाल थापा, डा सुषमा तिवारी, नेपाल पत्रकार महासङ्घ पर्साका उपाध्यक्ष युवराज खड्का, ज्ञानदा एकेडेमीका राजेन्द्र कोइराला, वीरगंज युवा समाजका कमल चौगाईलगायतको सहभागिता थियो।

कार्यक्रमको सहजीकरण सूर्यनारायण विकले गरेका थिए।

## रक्तसञ्चार केन्द्र वीरगंजमा मोबाइल एप सेवा

प्रस, वीरगंज, २२ मङ्सिर/

नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाले ६१औं स्थापना दिवसको अवसरमा रक्तसञ्चार केन्द्र वीरगंजमा सफ्टवेयर तथा मोबाइल एप सेवा सञ्चालनमा ल्याएको छ। रक्तसञ्चार सेवालाई अत्याधुनिक, व्यवस्थित, जवाफदेही, पारदर्शी तथा डिजिटलरूपमा सञ्चालन गर्न सफ्टवेयर र मोबाइल एप सञ्चालनमा ल्याइएको नेरेसो पर्साका सभापति वीरेन्द्रराज कँडेलले बताए। उनले यो सेवाले रक्तसञ्चार र रक्तदान अभियानलाई थप प्रभावकारी बनाउन सहयोग हुने दाबी गरे।

रक्तसञ्चार केन्द्र, वीरगंजमा रगतको सहजताको लागि पाँच सय बढी सङ्घसंस्थाहरूले खेलेको भूमिका सफ्टवेयर तथा मोबाइल एपबाट सहज ढङ्गले रगत व्यवस्थापनमा मदत पुग्ने विश्वास व्यक्त गरे। उनले आगामी दिनमा परिमार्जन र परिष्कृत गर्दै रक्तसञ्चार केन्द्रसँग सम्बन्धित सम्पूर्ण काम सक्रियताका साथ गर्ने र पैसाको अभावमा रगतबाट वञ्चित हुन नपर्ने उल्लेख गर्दै रक्तदानसम्बन्धी अभियानमा सबैलाई जोड्न आग्रह गरे।

यो सफ्टवेयरबाट सम्पूर्ण डेटाबेस, रक्तदान गरेका व्यक्तिलाई धन्यवाद, जन्मदिनमा शुभकामनासहित एसएमएस नोटिफिकेशन, स्वचालित बिलिङ सिस्टम र बिल प्रिन्ट गर्न मिल्ने, व्यक्तिगत युजर तथा पासवर्ड, ल्याब रिपोर्ट, डोनर कार्ड, डोनर सर्टिफिकेट तथा नगद भौचर इमेलमार्फत पठाउन मिल्ने, डोनर सर्टिफिकेट प्रिन्ट गर्न मिल्ने, रगत एक्सपाइरी सिस्टम, अनलाइन एक्सेस, निरीक्षण र नियन्त्रण हुने, मोबाइल एपमार्फत रक्तदाताहरूले आफनो मोबाइलमा व्यक्तिगत विवरण हेर्न, डोनर कार्ड र सम्बन्धित पालिका अन्तर्गत रहेका रक्तदाताहरूको नाम, सम्पर्क नम्बर उपलब्ध गराइने केन्द्रका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए।

## ६० किलो चाँदीसहित युवक पक्राउ

प्रस, वीरगंज, २२ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, बाराले शनिवार अमलेखगंजबाट ६० किलो चाँदीसहित एकजना युवकलाई पक्राउ गरेको जनाएको छ।

बारा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले इलाका प्रहरी कार्यालय, अमलेखगंजका प्रहरी वरिष्ठ नायब उपरीक्षक टङ्कबहादुर कार्की नेतृत्वको टोलीले वीरगंजबाट हेटौंडातर्फ जाँदै गरेको बागमती प्रदेश ०३–००५ प ३२६ नम्बरको स्कूटी चेकजाँच गर्दा सोबाट ६० किलो चाँदी बरामद भएको बताए।

## विचारसार र सूक्तिहरू

**अहम् भनेको आँखामा परेको धूलो हो । धूलो सफा नगरी हामी कुनै कुरा स्पष्टसँग देख्न सक्दैनौं, त्यसैले पहिले अहम् सफा गर अनि दुनियाँलाई हेर ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# कसरी हुन्छ तस्करी नियन्त्रण ?


समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com


**यदि भारतबाट भित्रिने त्यस्ता वस्तु जसमा भारतमा जिएसटी जति राखिएको छ, हाम्रो भन्सारमा उठाइने कुल राजस्व त्योभन्दा बढी नहुने हो भने यो अवैध आयातको खर्चभन्दा कम हुन जान्छ । अवैध आयातबाट हुने चुहावट स्वतः अन्त्य हुन्छ, सबै मालवस्तु भन्सारबाटै भित्रिन थाल्छ ।**

सरकारले राजस्वको घट्दो ग्राफको उपचार खोज्न द्रुत गस्ती टोली बनायो। त्यो टोलीले आफ्नै तरीकाले काम अघि बढाइराखेको होला । वीरगंजमा हालै राजस्व चुहावटलाई कसरी नियन्त्रण गर्ने भन्नेबारेमा सरोकारका करदाताहरूसित छलफल गरिएका समाचार प्रकाशमा आए । केही महीना अघि प्रधानमन्त्री केपी शर्मा ओलीले नै चुहावट नियन्त्रणका निकायको कामकारबाही र शैलीप्रति असन्तोष मात्र प्रकट गरेनन्, ती निकायहरूको औचित्यमैं प्रश्नसमेत उठाए। त्यो प्रश्न सरकारी आयबाट साधारण खर्च नधानिने अवस्था आउनुको रोष हो वा नीतिगत व्यवस्थाको विफलता ? यसका मन्थन हुन सक्ने पर्याप्त आधारहरू नभएका होइनन् ।

**अवरोधका नयाँ आयाम**

आज राजस्वको लक्ष्य पूरा नहुँदा सरकारको दैनिक प्रशासनिक खर्चमा मात्रै होइन, विकास निर्माणका काम प्रभावित छन् । सरकारले निर्माण व्यवसायीको ६० अर्ब रुपैयाँभन्दा बढी रकम भुक्तानी दिन सकेको छैन। यसबाट कार्यान्वयनमा रहेका योजना अघि बढ्न सकेका छैनन् भने नयाँ योजना आउने त प्रश्न नै भएन। निर्माण व्यवसायमा गतिरोध भएपछि निर्माण व्यवसायसँग सीधा सरोकार राख्ने उद्यम थलिएका छन्। ती उद्योगको भुक्तानी चक्र बिथोलिएको छ। कतिपय उद्योग बन्द भइसकेका र सञ्चालनमा रहेका उद्योग पनि क्षमताको ३५–४० प्रतिशतमा खुम्चिएका तथ्य र तथ्याङ्कहरू बाहिर आइराखेका छन्। यसबाट समग्र उद्यम, व्यापार, बजार, रोजगार, आय आर्जन हुँदै सरकारको ढुकुटीमा प्रभाव पार्ने नै भयो। अतः सरकारले सबैभन्दा पहिला आय आर्जनको वातावरण बनाउने खालको नीति र त्यसको प्रभावकारी कार्यान्वयनमा स्पष्ट हुनुपर्छ ।

**दबाबले राजस्व बढ्छ ?**

सरकारले राजस्व उठाउन संयन्त्रमाथि संयन्त्र बनाउने, तर आय आर्जनको आधार निर्माण नगर्ने हो भने त्यस्तो प्रयासको उपादेयतामैं प्रश्न उब्जिन जान्छ । राजस्व चोरी भएको छ भने कारबाही गर्नुपर्छ, तर करदातालाई अनावश्यक दबाब मात्र दिने हो भने पूँजी पलायनलाई निम्तो दिइनु हो। यो तथ्यलाई किन पनि अस्वीकार गर्न सकिन्न भने पूँजी पानीजस्तै हो, जता ओरालो भेटिन्छ, उतै बग्छ । असन्तुष्टि ओकलेर मात्रै राज्यको दायित्व पूरा हुँदैन । राजस्व चुहावट भन्ने बित्तिकै सीमावर्ती क्षेत्रबाट हुने अनधिकृत आयात र अनुसन्धानका निकायको कार्यशैलीमा बढी आशङ्का हुन्छ। तर यसमा राज्यको कर नीति र प्रणाली बढी जिम्मेवार हुन्छ भन्ने तथ्यलाई बेवास्ता गरिएको छ।

अहिले सीमावर्ती भारतीय बजारबाट दैनिक उपभोगका दाल, चामल, चिनी, तेल, मसला, लत्ताकपडाजस्ता दुई दर्जनभन्दा बढी वस्तुको आपूर्तिमा अवैध आयात भइराखेको छ । जसमा उच्च दरको भन्सार राजस्व छ, ती सबैजसो वस्तु अवैध माध्यमबाट भित्रिएका छन्। जिएसटीमार्फत सर्वसाधारणले खपत गर्ने वस्तुमा न्यून कर नीति अपनाइएको छ। यसले त्यहाँ आम उपभोगका वस्तुमा अप्रत्यक्ष करको भार स्वाभाविकरूपमा कम हुन्छ। हामीकहाँ आम उपभोगदेखि विलासी वस्तुसमेतको आयातमा समान मूल्य अभिवृद्धि कर लागू गरिएको छ। यो आलेख सीमावर्ती क्षेत्रमा मौलाइराखेको तस्करी र यसको नियन्त्रणका विरोधाभास केलाउन केन्द्रित छ।

**तस्करीको ओज र कारण**

नेपाल राष्ट्र बैंकले केही वर्ष अघि गरेको एउटा अध्ययनले भारतबाट हुने औपचारिक आयातको ३५ प्रतिशत बराबर अनधिकृतरूपमा आइरहेको तथ्याङ्क सार्वजनिक गरेको थियो। तर यो त्यति बेलाको अध्ययन हो, जतिखेर नेपालको तुलनामा भारतीय कर प्रणाली जटिल थियो। अहिले भारतले वस्तु तथा सेवा करमार्फत कर प्रणालीमा व्यापक सुधार गरेको छ । आम उपभोगका वस्तुमा अप्रत्यक्ष करको भार घटाउँदै लगेको अवस्था छ। तर हामीकहाँ यस्तो करको भार बर्सेनि बढिराखेको अवस्था छ। भारतले सहज कर प्रणाली अपनाएर लाभ उठाइरहँदा हामी भने करको सकसमा जेलिएका छौं। आज नेपालीले प्रत्यक्ष र अप्रत्यक्षरूपमा ४६ ठाउँमा कर तिर्नुपरेका तथ्यहरू सार्वजनिक नभएका विषय होइनन्। सरकार भन्सारमा उच्च दरको राजस्वको ढाट थापेर ढुकुटी भर्ने ध्याउन्नमा छ। यसले सीमावारि वस्तुको मूल्य बढी हुँदा पारिको बजारबाट अनधिकृतरूपमा भित्रिने क्रम अझ बढेको छ।

सरकारले सीमाञ्चलमा भइरहेको समानान्तर आयातलाई राजस्व कम हुनुको कारण भनेको छ, तर त्यसको नियन्त्रणको नीतिगत व्यवस्थापनमा सरकार चरम उदासीन देखिएको छ। सिमानामा प्रहरी खटाएर मात्रै चुहावट नियन्त्रण हुने होइन, बरु प्रहरीकै संरक्षणमा अहिले तस्करी धन्धा मौलाएका समाचार सञ्चारमाध्यममा आइराखेका छन्। मूलतः सीमापारिको बजारमा उपभोक्ताले तिर्ने अप्रत्यक्ष कर र नेपालका उपभोक्ताले तिर्ने करको फराकिलो अन्तर अनधिकृत आयातको मूल कारण भन्ने तथ्यप्रति सरकार बुझ पचाइराखेको छ । स्वदेशी बजारभन्दा भारतीय बजारमा वस्तुको मूल्य कम हुँदासम्म अनधिकृत आयात रोकिन्न ।

कुनै पनि वस्तु भारतमा सस्तो र त्यही वस्तु स्वदेशी बजारमा महँगो हुन्छ भने स्वाभाविक छ, अवैध माध्यमबाटै नेपाल भित्रिन्छ । त्यस्ता वस्तुमा भन्सारमा लिइने उच्च राजस्वका दरले अनधिकृत आयातलाई बढाएकोमा विवाद आवश्यक छैन। त्यस्ता वस्तु सीमावर्ती बजारमा मात्र होइन, काठमाडौंसम्मै अनधिकृत तरीकाले पुगेका छन्। राजस्व दर कम भए त्यस्ता सबै वस्तु वैध माध्यमबाटै भित्रिन्छ । राजस्वको दर कम भएपनि त्यो ढुकुटीमा पुग्छ। अहिले त वस्तुको अनधिकृत आयात मौलाएको छ, तर राजस्वको लाभ अवैध आयातकर्ता र मिलेमतोमा संलग्न केही व्यक्तिको गोजीमा सीमित छ । यस्तो लाभबाट राज्य चलाउने निकायका नेतृत्वकर्तासमेत लाभान्वित भएकैले नीतिगत सुधारमा चासो नदेखिएको ठान्नेहरू पनि छन्। यो कुरा सत्ता र सरकारी संयन्त्र चलाउनेहरूलाई थाहा नभएको होइन, त्यसलाई सुधार गर्ने इमानदारी मात्र नभएको हो ।

**सङ्घीयतामा करकै चरम सकस**

नेपालको दुई तिहाइ वैदेशिक व्यापार भारतमा केन्द्रित छ। स्वाभाविकरूपमा अवैध व्यापारको आकार पनि भारतीय वस्तुकै बढी हुने भयो । भारतले जिएसटीमार्फत कर प्रणालीमा व्यापक सुधारका आयामहरू स्थापित गर्दा हामीकहाँ त्यही समयमा तहगत सरकारले चलाएका मनोमानी करको सकसमा रुमलिएको अवस्था छ । कुनै समय भारतमा भन्दा नेपालका कर प्रणाली सहज र व्यवस्थित मानिएको थियो, अहिले हामी करको गन्जागोलमा अल्मलिएको अवस्थामा छौं। यस्ता करहरूको प्रभाव वस्तुको लागत हुँदै बजारसम्म पुगिराखेको कुरा अर्थतन्त्रको सामान्य सिद्धान्त बुझेको मानिसले पनि भेउ पाउनेमा सरकार किन उदासीन छ ? यो बुझ्न सकिएको छैन । नेपालमा मूल्य अभिवृद्धि कर (भ्याट) लागू हुँदाकै बखत बहुदर अपनाउनुपर्ने माग उठेको हो। सामान्य उपभोक्ताले उपभोग गर्ने वस्तुदेखि धनाढ्यले उपभोग गर्ने विलासी वस्तुको खपतमा एकै दरको १३ प्रतिशत मूअकर कुनै पनि हालतमा व्यावहारिक होइन।

**नियन्त्रण चाहेको हो भने ...**

भारतले यही तथ्यलाई मनन गरी नेपालको मूअकरजस्तै त्यहाँको वस्तु तथा सेवा करलाई बहुदरमा लग्यो, त्यहाँ शून्यदेखि २८ प्रतिशतसम्मका तहगत कर लगाइएको छ। दैनिक उपभोग्य र आम उपभोक्ताको खपतमा न्यून दरमा कर लगाइएको छ। र यस्तै कर कम भएका दैनिक उपभोग्य वस्तुको अनधिकृत आयात अहिले उत्कर्षमा छ । यसबाट नियन्त्रणका निकायमा खटिएकाहरू र तस्कर मालामाल भएका छन्। राज्यको ढुकुटीमा प्वाल परेको छ । अवैध आयातको पनि १५ प्रतिशतसम्म खर्च छ। यो खर्च अनधिकृतरूपमा तहगतरूपमा बाँडिन्छ। यदि भारतबाट भित्रिने त्यस्ता वस्तु जसमा भारतमा जिएसटी जति राखिएको छ, हाम्रो भन्सारमा उठाइने कुल राजस्व त्योभन्दा बढी नहुने हो भने यो अवैध आयातको खर्चभन्दा कम हुन जान्छ । अवैध आयातबाट हुने चुहावट स्वतः अन्त्य हुन्छ, सबै मालवस्तु भन्सारबाटै भित्रिन थाल्छ ।

# मधेस प्रदेशमा धान उत्पादन बढ्यो

जनकपुरधाम, २२ मङ्सिर/रासस

मधेस प्रदेशमा चालू आर्थिक वर्षमा १५ लाख दुई हजार ४५८ मेट्रिकटन धान उत्पादन भएको छ। गत आर्थिक वर्षमा १२ लाख ९६ हजार ६०७ मेट्रिकटन धान उत्पादन भएको थियो ।

गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा दुई लाख पाँच हजार २५१ मेट्रिकटन बढी धान उत्पादन भएको कृषि प्रसार अधिकृत रोशनकुमार मेहताले बताए। रोपाइँ र त्यसपछिको समयमा पानी परेको थियो भने मल र बीउ समयमा नै उपलब्ध भएकाले उत्पादन बढेको उनको तर्क छ । गत वर्षको तुलनामा यस वर्ष पाँच हजार दुई सय हेक्टर बढी जमीनमा धानखेती गरिएको थियो ।

गत वर्ष प्रतिहेक्टर तीन दशमलव ५० मेट्रिकटन धान उत्पादन भएको थियो भने चालू आवमा प्रतिहेक्टर चार मेट्रिकटन उत्पादन भएको छ । सबैभन्दा बढी सप्तरीमा तथा सबैभन्दा कम रौतहटमा भएको छ । सप्तरीमा दुई लाख ६१ हजार १२० मेट्रिकटन, रौतहटमा एक लाख ५० हजार ४८० मेट्रिकटन, पर्सामा एक लाख ८४ हजार ७४९ मेट्रिकटन, सर्लाहीमा एक लाख ८२ हजार १६० मेट्रिकटन र धनुषामा एक लाख ६६ हजार २६० मेट्रिकटन धान उत्पादन भएको छ।

यसैगरी, महोत्तरीमा एक लाख ६७ हजार ७७० मेट्रिकटन, सिराहामा दुई लाख नौ हजार ५२० मेट्रिकटन र बारामा एक लाख ८० हजार तीन सय मेट्रिकटन धान उत्पादन भएको अधिकृत मेहताले जानकारी दिए।

यसैबीच, यहाँस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरीद प्रक्रिया शुरू गरेको जनाएको छ।

# केही गन्थन धर्मका


धर्म–संस्कृति



राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com


"Religion is the sigh of the oppressed creature, the heart of a heartless world, and the soul of soulless conditions. It is the opium of the people."

– Karl Marx

धर्म गहिरो र व्यापक दृष्टिले परिभाषित हुनुपर्छ । धर्म व्यक्तिगत अनुभव हो, बाहिरबाट लादिएको सिद्धान्त, परम्परा वा पद्धति होइन । धर्म भनेको आफूभित्र रहेको गुण खोज्नु हो । यो आत्म–जागरण र अस्तित्वको गहिराइ बुझ्ने क्षमता विकास गरी अघि बढ्नु हो ।

आधुनिक युग अर्थात् २०औं शताब्दीका अद्भुत दार्शनिक ओशो भन्छन्–"धर्मको सम्बन्ध कुनै कर्मकाण्ड, ग्रन्थ या कुनै सङ्गठित धार्मिक सस्थाहरूसँग त छँदैछैन। यो त हाम्रो अन्तर्हृदयको यात्रा पो हो। धर्मको अर्थ हो–"आफूले आफूलाई बुझ्नु, आफूले आफूलाई हेर्नु हो। आफ्नो बुद्धि र विवेक प्रयोग गरी कुनै नयाँ खोज गर्न अग्रसर हुनु हो।"

**धर्म सधैं सहिष्णु हुनुपर्छ । सबै धर्मले आफूभन्दा फरक दृष्टिकोण राख्ने धर्मलाई सम्मान गर्न सिकाउँछ । धर्मको साँचो अर्थ त "यसले आत्मालाई स्वतन्त्र गरोस् र सबैलाई समान दृष्टि राखोस् ।"**

ओशोको भनाइमा वजन छ। उनी भन्छन्–"जति पनि सङ्गठित धर्महरू छन्, मानिसको मनमा त्यसले भय सृजना गर्छ –पापको डर, नर्कको डर, ईश्वर रिसाउँछन् आदि। यही भयले गर्दा व्यक्ति थाहै नपाई आज्ञाकारी हुन जान्छ र उसको आफ्नो मौलिकता विलीन भएर जान्छ।"

उनी अगाडि भन्छन्–"सङ्गठित धर्मले हाम्रो रचनात्मकतालाई प्रस्फुटित हुनै दिंदैन। धर्मले हामीलाई बच्चैदेखि हाम्रो सोच्ने शक्ति र सृजनशीलता ध्वस्त पारिदिन्छ । ईश्वरको कृपा भन्ने जुन मानसिकता हाम्रो बन्छ, त्यसले हाम्रो मौलिकतालाई कहिल्यै पनि फल्न र फुल्न दिंदैन र हामी सङ्गठित धर्मको दास बन्छौं। धर्मले व्यक्तिको प्रश्न गर्ने स्वतन्त्रतालाई वञ्चित गरिदिन्छ। भन्नुको मतलब के हो भने अतार्किक आज्ञाकारिताले हाम्रो अन्तर्क्षमता मारिदिन्छ र लाग्छ यो नै संसार हो, जुन हामीलाई धर्मले या ईश्वरले बताएका छन्।"

धर्मले हाम्रो प्रश्न गर्न सक्ने साहस मारिदिन्छ र हामीलाई डरपोक बनाइदिन्छ। अझ दक्षिण एशियाका केही देशमा त धर्मको ठूलो व्यापार छ, जसको व्याख्या 'पिके', 'ओ माई गड' जस्ता हिन्दी चलचित्रहरूमा प्रस्तुत गरिएका छन्। धार्मिक संस्थाहरूले हामीमाथि कुतर्कमा आधारित कडा नियम र परम्परा थोपरेको हुन्छ, जसले हामीलाई अपाङ्ग बनाइदिन्छ। फलस्वरूप स्वविचार र दृष्टिकोणको हत्या हुन्छ ।

ओशो भन्छन्–"धर्मको पुनर्परिभाषा ज्यादै जरुरी छ। यदि धर्मलाई तर्कसङ्गत ढङ्गले व्याख्या गरिने हो भने यो हाम्रो रचनात्मकताको ठूलो स्रोत बन्न सक्छ। तर धर्मका ठेकेदारहरूले व्यक्तिमा भ्रम सिर्जना गरेर आफ्नो व्यापार चलाइरहेका छन्। पूँजीवादको विकाससँगै धर्मको पूँजीकरण भयो । र समयको गतिसँगै यसलाई जब राजनीतिक रङ्ग दिन थालियो, धर्मको नाममा समाजको ध्रुवीकरण हुन थाल्यो। समाजलाई विकृत बनाउन थालियो । धर्म त प्रयोग र अनुसन्धानमा आधारित हुनुपर्छ, व्यक्तिलाई अन्धविश्वासमा धकेल्ने होइन।

धर्मले आत्म–जागरणको विकास गर्न मदत गर्नुपर्ने हो। जब व्यक्तिले आफूलाई चिन्न थाल्छ, सृजनशीलता र रचनात्मकता आफसेआफ विकसित हुन थाल्छ र समाजलाई समृद्धिको बाटोतर्फ डोऱ्याउन समय लाग्दैन।

धर्मले स्वतन्त्रता दिनुपर्ने हो, यसले त व्यक्तिलाई नयाँ खोज गरी नयाँ दिशामा उड्ने शक्ति दिनुपर्ने हैन र ! तर जुन धर्म हामीमाथि थोपरिएको छ, यसले त हामीलाई मानसिक दास बनाउँछ । हो, यही कारणले हामीले विज्ञान र प्रविधिको विकास गर्न सकेनौं र आज पनि हामी त्यही आडम्बर र अन्धविश्वासमा बाँच्न बाध्य भएका छौं।

जो व्यक्ति आफूलाई सबैभन्दा ज्यादा धार्मिक भन्ने गर्छन्, उनीहरू नै सबैभन्दा बढी अधार्मिक हुन्छन्, जुन कुरा भारत र नेपालमा पनि समयको गतिसँगै पुष्टि हुँदै गयो । धार्मिक गुरुहरू जो अहिले जेलमा छन्: रामरहिम, स्वामी परमानन्द, आशाराम बापू, स्वामी अमृत चैतन्य अर्थात् सन्तोष माधवन, स्वामी सदाचरी साइँ बाबा ॐ जस्, सन्त रामपाल, परमहंस नित्यानन्द, इच्छाधारी सन्त स्वामी भीमानन्द, राधे माँ, चन्द्रस्वामी आदि।

अहिले आएर धीरेन्द्र शास्त्रीजस्ता अलौकिक बाबा र भविष्यद्रष्टाको पगरी गुथेर भारत र नेपालका जनतालाई मूर्ख बनाइरहेका छन्। उनकाबारे ब्लगर ध्रुव राठीले खोजमूलक जानकारी दिएका छन्, आफ्नो युटयुब च्यानलमार्फत । रामबहादुर बम जस्ता 'लिटिल बुद्ध' बनी मान्छेलाई मूर्ख बनाएका ध्यानी अहिले यौन दुराचारको अभियोगमा जेलमा छन्। त्यस्तै, सिद्धबाबा जसको खास नाम कृष्णादास गिरी हो, समाजमा एक किसिमको यौन आतङ्क नै मचाएका छन्।

ठगी, यौन शोषण र शक्तिको दुरुपयोगका दस्तावेज गरिएका घटनाहरूले आध्यात्मिक नेताहरूको प्रतिष्ठालाई धमिलो पारेको छ । धेरै बाबाहरू अवैध गतिविधिमा संलग्न भएका र अन्धविश्वास फैलाउनेदेखि आर्थिक चोरी र यौन दुर्व्यवहारको आरोप छ। कतिपय बाबाहरूले आर्थिक र भावनात्मकरूपमा आफ्ना अनुयायीहरूसँग दुर्व्यवहार गरेको आरोपको सामना गर्नुपरेको छ। आध्यात्मिक सान्त्वनाको खोजीमा मानिसहरू संवेदनशीलताको शिकार भएका छन् । नाबालिगहरूको यौन शोषण र दुर्व्यवहार प्रायः उनीहरूको आश्रम वा आध्यात्मिक समुदायमा हुने तथ्य नेपालमा केही बाबाहरूको अन्धकार पक्षको सबैभन्दा असन्तुष्ट विशेषताहरूमध्ये एक हो ।

आध्यात्मिक गतिविधिहरूको बहानामा प्रायः महिला र बालबालिकाहरू यौन उत्पीडन र दुर्व्यवहारका शिकार भएका खबरहरू बग्रेल्ती छापाहरूमा आइरहेका छन्। विश्वासमाथि आघात गर्दै यी धर्मानन्दहरूले कमजोर अनुयायीहरूको शोषण गरेका छन्, उनीहरूलाई आघात र मनोवैज्ञानिक पीडा दिएर आफू उम्किएका छन्। विषेशगरी सांस्कृतिक लज्जाको कारण पीडितहरू अगाडि आउन नचाहेका कारण न्यायिक प्रक्रिया जटिल हुने गरेको पाइएको छ। यी जे जति भइरहेको छन्, सबै धर्मका नाममा भइरहेको हुन्छ।

धर्मबारे बुद्धले जस्तो तार्किक व्याख्या आजसम्म कसैले गरेको छैन । उनका अनुसार धर्म त सत्यता र आत्म–जागरणको मिश्रण हो। धर्म भनेको त जीवन जिउने एउटा वैज्ञानिक र व्यावहारिक मार्ग हो। "अप्प दिपो भव" अर्थात् आफ्नो दीपक आफैं बन्नु नै वास्तविक धर्म हो भनी बुद्धले व्याख्या गर्नुभएको छ । यसले त मानिसको दुःखलाई अन्त गरी अन्ततः निर्वाणतिर डोऱ्याउनु हो । धर्मको बारेमा बुद्धको व्याख्या यस्तो छ– बाहिरी कर्मकाण्डबाट मुक्त, सत्यको खोज, आन्तरिक शान्ति र आत्मज्ञानको विकास ।

धर्मका बारेमा महावीरले पनि तार्किक व्याख्या गर्नुभएको छ। उहाँ भन्नुहुन्छ– "धर्म एक अत्यन्त सरल, व्यावहारिक र आन्तरिक शुद्धिको मार्ग हुनुपर्छ, न कि कुनै आडम्बर। धर्म भनेको त आत्माको मुक्ति, अहिंसा र सत्यको खोजको एक साधन हो । यो त आत्मानुशासन र नैतिकतासँग जोडिएको हुनुपर्छ ।

धर्म भनेको त त्यो तत्त्व हो, जसले आत्मालाई उच्च मनोबल दिन्छ, पवित्र बनाउँछ र सबै किसिमका दुःख र कष्टबाट मुक्त गर्छ, न कि धर्मले एकापसमा लड्न र भिड्न प्रेरित गर्छ। संसारको कुनै पनि धर्मले एकापसमा कटुता बढाउन प्रेरित गर्दैन । धर्म सधैं सहिष्णु हुनुपर्छ । सबै धर्मले आफूभन्दा फरक दृष्टिकोण राख्ने धर्मलाई सम्मान गर्न सिकाउँछ । धर्मको साँचो अर्थ त "यसले आत्मालाई स्वतन्त्र गरोस् र सबैलाई समान दृष्टि राखोस्।"

अन्त्यमा, "Science can purify religion from error and superstition. Religion can purify science from idolatry and false absolutes.

–Pope John Paul II

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# सर्वोच्च अदालतले इमरान खानको याचिकामा डिसेम्बर १० मा सुनवाइ गर्ने

इस्लामाबाद, २२ मङ्सिर/एएनआई

पाकिस्तानको सर्वोच्च अदालतले सन् २०२३ मे १० का घटनाहरूको अनुसन्धान गर्न न्यायिक आयोग गठन गर्न माग गर्दै पिटिआईका संस्थापक इमरान खानले दायर गरेको याचिकामा डिसेम्बर १० मा सुनवाइ गर्ने समय तय गरेको छ ।

सर्वोच्च अदालतले शुक्रवार जारी गरेको कारण सूची अनुसार न्यायाधीश अमिनुद्दीन खानको नेतृत्वमा रहेको सात सदस्यीय संवैधानिक इजलासले मुद्दाको अध्यक्षता गर्नेछ ।

याचिका दुई महत्त्वपूर्ण घटनाको छानबीन गर्न न्यायिक आयोग गठनको लागि इमरान खानको मागसँग जोडिएको छ ।

बिहीवार पूर्वप्रधानमन्त्रीले आफ्नो आयोगको स्थापनाबारे पोस्ट गरेका थिए ।

सरकारसँग संलग्न हुन गठित वार्ता टोलीमा ओमर अयुब खान, अली अमीन गण्डापुर, साहिबजादा हमिद रजा, सलमान अक्रम राजा र असद कैसर रहेका छन् ।

शुक्रवार इमरानले यस विषयमा आफ्ना मागहरू दोहोर्‍याउँदै भने, "हाम्रा दुईवटा माग छन् । घटनाहरूको स्वतन्त्र अनुसन्धान गर्न सर्वोच्च अदालतका सबैभन्दा वरिष्ठ न्यायाधीशहरूको नेतृत्वमा आयोग गठन गर्नुपर्छ । अन्यायपूर्वक थुनिएका राजनीतिक बन्दीहरूलाई रिहा गरिनुपर्छ ।"

इमरानले यी मागहरू पूरा नभएमा पिटिआईद्वारा 'नागरिक अवज्ञा, विप्रेषणमा कमी र बहिष्कार आन्दोलन' शुरू गर्ने चेतावनी दिए ।

यस मुद्दाका अतिरिक्त फेब्रुअरीको आम चुनावमा धाँधली भएको आरोप लगाउँदै पिटिआईका संस्थापकले दायर गरेको छुट्टै याचिकामा डिसेम्बर ११ मा अर्को सुनवाइ हुनेछ । रासस

# सिरियामा दुई लाख ८० हजारभन्दा बढी मानिस विस्थापित

जेनेभा, २२ मङ्सिर/एएनआई

सिरियाको उत्तरपश्चिम हयात तहरीर अल–शाम (एचटिएस)को नेतृत्वमा रहेको क्षेत्रमा आक्रमणपछि दुई लाख ८० हजारभन्दा बढी मानिस विस्थापित भएका छन् ।

संयुक्त राष्ट्रसङ्घले ट्वीटरमा साझा गरेको पोस्टमा लेखेको छ, "हालैको हिंसामा केही दिनमैं उत्तरपश्चिम सिरियामा दुई लाख ८० हजारभन्दा बढी मानिस विस्थापित भएका छन् । राष्ट्रसङ्घले सिरियामा सबैभन्दा कमजोरलाई सहयोग गर्न मानवीय प्रयासहरू बढाउँदैछ ।"

यसैबीच, हजारौं बासिन्दा होम्स शहरबाट भागेका छन् । दमास्कसतर्फ विद्रोहीहरूको अग्रसरतामा त्रास फैलिएको छ ।

सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्स (एसओएचआर)ले शुक्रवार हजारौं होम्सका बासिन्दा पश्चिमी किनारतर्फ रातभरि भाग्न थालेका जनाएका छन् । यहाँ सिरियाली राष्ट्रपति बसर अल–असदले अझै पनि नियन्त्रण कायम राखेका छन् ।

बिहीवार उत्तरको हामा शहर कब्जा गरेपछि विद्रोहीहरूले होम्सको चौराहे शहरमा आफ्नो नजर राखेका छन्, जुन कब्जा गरेमा राष्ट्रपति बसर अल–असदको नियन्त्रणमा रहेको क्षेत्र विभाजित हुनेछ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार एक दशकभन्दा बढीको युद्धमा तीन लाखभन्दा बढी नागरिक मारिएका छन्, जबकि लाखौं नागरिक क्षेत्रभरि विस्थापित भएका छन् । रासस

# भारतद्वारा युरोपेली उपग्रह सफलतापूर्वक प्रक्षेपण

नयाँ दिल्ली, २२ मङ्सिर/सिन्हवा

भारतको अन्तरिक्ष एजेन्सी र भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो)ले बिहीवार युरोपेली अन्तरिक्ष एजेन्सीको प्रोबा–३ उपग्रहहरू बोकेको पिएसएलभी–५९ रकेट सफलतापूर्वक प्रक्षेपण गरेको छ ।

इसरो भारतको राष्ट्रिय अन्तरिक्ष निकाय हो । यो अन्तरिक्ष विभाग (डिओएस)को प्रमुख अनुसन्धान र विकास शाखाको रूपमा काम गर्छ । एजेन्सीले सेटेलाइट नेभिगेशन प्रणालीहरू सञ्चालन गर्छ । हालसम्म यसले चन्द्रमामा तीनवटा र मङ्गल ग्रहमा एउटा मिसन पठाएको छ ।

उक्त प्रक्षेपण दक्षिणी राज्य आन्ध्र प्रदेशको श्रीहरिकोटा क्षेत्रमा रहेको सतीश धवन अन्तरिक्ष केन्द्रबाट गरिएको हो ।

पिएसएलभी रकेटमा रहेको प्रोबा–३ मिसनका दुई उपग्रह प्रक्षेपणको केही मिनेटपछि सफलतापूर्वक अलग भएको इसरोले सामाजिक सञ्जालमा उल्लेख गरेको छ । रासस

# दक्षिण भारतमा कार तालमा खस्दा पाँचजनाको मृत्यु

नयाँ दिल्ली, २२ मङ्सिर/सिन्हवा

भारतको दक्षिणी राज्य तेलङ्गानामा शनिवार बिहानै कार तालमा खस्दा कम्तीमा पाँचजनाको मृत्यु हुनुका साथै एकजना घाइते भएको पुष्टि भएको छ ।

दुर्घटना राज्यको यादद्री भुवनगिरि जिल्ला जलालपुरनजीकै भएको हो । कार चालकले गाडीमाथि नियन्त्रण गुमाएकाले दुर्घटना भएको देखिन्छ ।

राज्यको राजधानी हैदराबादबाट भुदन पोचमपल्ली क्षेत्रमा निकै तीव्र गतिमा गुडिरहेको कार दुर्घटनामा परेको बताइएको छ ।

प्रहरीका अनुसार पाँचैजनाको शव निकालिएको छ भने घाइतेलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ । रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | मनोरञ्जन | वृष | कर्मप्राप्ति |
| मिथुन | राज्यलाभ | कर्कट | रोगभय |
| सिंह | व्यापारवृद्धि | कन्या | शत्रुपराजय |
| तुला | ज्ञानोदय | वृश्चिक | भयचिन्ता |
| धनु | राज्यलाभ | मकर | अतिथिआगमन |
| कुम्भ | सुयश | मीन | अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# ६५ हजारभन्दा बढी श्रम स्वीकृति जारी

काबुल, २२ मङ्सिर/एएफपी

अफगानिस्तानको तालिबान सरकारको श्रम तथा सामाजिक मामिला मन्त्रालयले विगत आठ महीनामा ६५ हजारभन्दा बढी श्रम स्वीकृति जारी गरेको मन्त्रालयका प्रवक्ता समिउल्लाह इब्राहिमीले बताएका छ्न् ।

शनिवार स्थानीय सञ्चारमाध्यम टोलो न्युजसँगको कुराकानीमा श्रम तथा सामाजिक मामिला मन्त्रालयले मार्चपछि महिला र केही विदेशी नागरिकसहित ६५ हजारभन्दा बढी व्यक्तिलाई 'वर्क परमिट' जारी गरेको ती अधिकारीले जानकारी दिए ।

अधिकारीले थप विवरणहरू प्रदान नगरी उल्लेख गरेका छन्, "अफगानिस्तानको तालिबान प्रशासनले थप रोजगारको अवसर सिर्जना गर्न सक्दो प्रयास गर्नेछ ।"

थप विवरण उपलब्ध नगराइ ती अधिकारीले भनेका छन्, "अफगान प्रशासनले गरीबीको चपेटामा परेको देशमा गरीबी निवारणका लागि रोजगारका अवसर सिर्जना गर्न सक्दो प्रयास गर्नेछ ।" रासस






**बोका बिक्री गरिंदै:** बाराको प्रख्यात गढीमाई मेलामा बलि दिनका लागि वीरगंजको घण्टाघरमा बिक्रीका लागि राखिएका बोका । गढीमाई मेलामा यही मङ्सिर २४ गते बोकाको बलि दिने साइत रहेको छ । तस्बिरः हिमाल लम्साल/रासस

# 'न्यायालय लयमा आयो अब गरिमामय बनाउनु छ'

काठमाडौं, २२ मङ्सिर/रासस

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले सबैको अथक प्रयासले अहिले न्यायालय एउटा लयमा फर्किएको बताएका छन् । काठमाडौंमा वरिष्ठ अधिवक्ताहरूलाई प्रमाणपत्र वितरण समारोहमा उनले लयमा फर्किएको न्यायालयलाई अब गरिमामय बनाउनुपर्नेमा जोड दिए ।

प्रधानन्यायाधीश राउतले भने, "न्यायालय लयमा फर्किएकामा मात्रै चित्त बुझाउने हो कि गरिमामय बनाउने हो, यो आफैं गरिमामय त बन्दैन है । यसलाई गरिमामय बनाउने जिम्मेवारी वर्तमान परिवेशले हामी सबैलाई सुम्पेको छ, हामीले आफूलाई निर्मम समीक्षा गर्न जरुरी छ, हामीले न्यायालयलाई गरिमामय बनाउन सकिरहेका छौं कि छैनौं, त्यसतर्फ हाम्रो भूमिका उन्मुख छ कि छैन ? विचार गर्नुपर्ने भएको छ ।" उनले आफू भने न्यायालयलाई गरिमामय बनाउन तयार रहेको बताउँदै साथ दिन वरिष्ठ अधिवक्ताहरूसँग अनुरोध पनि गरे ।

प्रधानन्यायाधीश राउतले भने, "तपाईंहरूको साथ, सहयोग र सहकार्य गर्न पाए न्यायालय गरिमामय नहुने कुरै छैन, एकपटक प्रयास त गरौं, म नम्रतापूर्व सम्पूर्ण वरिष्ठ अधिवक्ताहरूमा नमन गर्न चाहन्छु ।" उनले वरिष्ठ अधिवक्ताले उच्च तहको मर्यादाको अभ्यास गर्नुपर्नेमा जोड दिंदै नैतिकताको लक्ष्मणरेखाभित्र बस्न सक्नुपर्नेमा जोड दिए । उनले निजी स्वार्थ, अनुचित, नाजायज र बेमुनासिब कुरालाई त्याग्न सकिएन भने नैतिकता जोगाउन नसकिने बताए ।

प्रमाण र कानूनका आधारमा न्याय दिनै सकिंदैन भन्ने जस्ता मुद्दा अदालत पुगेको सन्दर्भ जोड्दै उनले भने, "कहिले साथी, कहिले पावर सेन्टरको दबाबमा, कहिलेकाहीं आकर्षक पारिश्रमिकको आधारमा पुग्छ नि, त्यतिखेर टिक्दै नटिक्ने मुद्दामा वरिष्ठज्यूहरूको अदालतमा उपस्थिति देखियो भने व्यक्तित्व कस्तो होला ?, स्तर कस्तो होला ?, अरूले पनि नियाल्छ नि, जस्तै हामी न्यायाधीशहरूलाई अरूले नियालेका छन् नि, व्यक्तित्व कस्तो हुन्छ ? यसको उत्तर मैले दिनु शोभनीय हुन्न, यो जिम्मा मैले तपाईंहरूलाई छाडें ।"

महान्यायाधिवक्ता रमेश बडालले वरिष्ठ अधिवक्ताको गरिमा जोगाउन कानून व्यवसायीहरूलाई अनुरोध गरे । अर्धन्यायिक निकायमा वरिष्ठ अधिवक्ताहरू जान नहुने, कुनै पनि मुद्दाका बहसमा जाँदा एकजना अधिवक्ता सहयोगी भएर जानुपर्ने स्पष्ट व्यवस्था भएपनि त्यो अभ्यास नभएको उल्लेख गर्दै उनले यसतर्फ वरिष्ठ अधिवक्ताहरूले ख्याल गर्नुपर्नेमा जोड दिए ।

समारोहमा वरिष्ठ अधिवक्ताको प्रमाणपत्र ग्रहण गरेका डा भीमार्जुन आचार्यले अब न्याय निरूपणमा प्रविधिको विकासले चुनौती खडा गरेकाले त्यसतर्फ ध्यान दिन सकिएन भने गरिमामाथि आँच आउने बताए । उनले अधिवक्ताहरूले पनि विधागत विशेषज्ञ भएर अघि बढ्न जरुरी रहेको औंल्याए ।

समारोहमा सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल, वरिष्ठ अधिवक्ता कविता बस्नेतलगायतले धारणा राखेका थिए । कार्यक्रममा प्रधानन्यायाधीश राउतले १५९ जना वरिष्ठ अधिवक्तालाई प्रमाणपत्र दिएका थिए ।

# आइपिओ जारी गर्न ८० कम्पनी पाइपलाइनमा

काठमाडौं, २२ मङ्सिर

पूँजीबजारमा प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ)का लागि नेपाल धितोपत्र बोर्डको पाइपलाइनमा रहेका कम्पनीको सङ्ख्या ८० पुगेको छ ।

त्यस्तै, धितोपत्रको आइपिओ जारी गरी सूचीकरण भइसकेका छवटा कम्पनीले आफ्नो पूँजी वृद्धि गर्न धितोपत्रको थप निष्कासन (एफपिओ) प्रक्रियामा रहेको बोर्डले जनाएको छ ।

बोर्डका अनुसार कुल रु ४९ अर्ब ४८ करोड ३० लाख ४९ हजार ५९६ बराबरको आइपिओ पाइपलाइनमा छ । विभिन्न क्षेत्रका ८० वटा कम्पनीको ३४ करोड १९ लाख एक हजार ८० कित्ता शेयर आइपिओका लागि बोर्डको प्रक्रियामा छ ।

होटल तथा पर्यटन क्षेत्रका सातवटा कम्पनीले रु तीन अर्ब ३१ करोड १० लाख बराबरको तीन करोड ५३ लाख ६० हजार कित्ता आइपिओ जारी गर्न निवेदन दिएका छन् । साथै ४० वटा जलविद्युत् आयोजनाले कुल रु १६ अर्ब ४१ करोड ३० लाख ७९ हजार चार सय बराबरको १६ करोड ३६ लाख पाँच हजार ४६४ कित्ता बराबर आइपिओ जारी गर्नका लागि बोर्डको प्रक्रियामा रहेका छन् ।

लगानी समूह अन्तर्गत तीनवटा कम्पनीले रु दुई अर्ब ८४ करोड ३३ लाख ५० हजार बराबरको एक करोड ५६ लाख ७३ हजार पाँच सय कित्ता आइपिओ जारी गर्नका लागि पाइपलाइनमा छन् । उत्पादन तथा प्रशोधनतर्फ १५ वटा कम्पनीले रु २२ अर्ब ६८ करोड ४७ लाख ७६ हजार ६९६ बराबरको नौ करोड १६ लाख ७५ हजार ६८४ कित्ता आइपिओ निष्कासनको प्रक्रियामा छन् ।

धितोपत्र बोर्डका अनुसार जलविद्युत् समूहतर्फ सबैभन्दा धेरै ४० वटा कम्पनीले आइपिओ निष्कासनका लागि बोर्डमा निवेदन दिएका छन् । सानिमा हाइड्रोपावर लिमिटेड, हिम स्टार ऊर्जा कम्पनी लिमिटेड, भुजुङ हाइड्रोपावर लिमिटेड, दरमखोला हाइड्रो इनर्जी लिमिटेड, सान्भी इनर्जी लिमिटेड, बेनी हाइड्रोपावर लिमिटेडलगायत कम्पनीका आइपिओ निष्कासन पाइपलाइनमा छन् ।

त्यस्तै, यमलिङ्ग हाइड्रोपावर लिमिटेड, मबिलुङ्ग हाइड्रोपावर लिमिटेड, सोलु हाइड्रोपावर लिमिटेड, टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेड, विकास हाइड्रोपावर कम्पनी, कालिञ्चोक हाइड्रोपावर लिमिटेडलगायत कम्पनीहरू आइपिओ पाइपलाइनमा रहेका छन् ।

होटल तथा पर्यटन समूह अन्तर्गत सात कम्पनीका आइपिओ पाइपलाइनमा छन् । यो समूहमा एपेक्स हस्पिटालिटी लिमिटेड, होटल फरेस्ट इन लिमिटेड, अर्केड होल्डिङ्स लिमिटेड, अन्नपूर्ण केबल कार, बन्दीपुर केबलकार एन्ड टुरिजम लिमिटेड, अकामा होटल लिमिटेड, ठमेल प्लाजा होटल एन्ड स्वीट्स लिमिटेड आइपिओ निष्कासनका लागि पाइपलाइनमा छन् ।

लगानी समूहतर्फ वरुण इन्भेस्टमेन्ट लिमिटेड, सिड इनर्जी लिमिटेड र शिवम् होल्डिङ्स लिमिटेडले आइपिओ ल्याउँदैछन् । उत्पादन तथा प्रशोधन समूहतर्फ १५ कम्पनीका आइपिओ पाइपलाइनमा छन् । एकोर्ड फर्मास्युटिकल्स लिमिटेड, एसवाई प्यानल नेपाल लिमिटेड, सूर्य सिमेन्ट इन्ड्रस्ट्रिज लिमिटेड, मारुती सिमेन्ट्स लिमिटेड, स्मार्ट डोर्स लिमिटेड, पाल्पा सिमेन्ट इन्ड्रस्ट्रिज लिमिटेड, ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडलगायत कम्पनीका आइपिओ आउँदैछन् । त्यस्तै, लक्ष्मी टेक्नोप्लास्ट लिमिटेड, श्री डिस्टिलरी लिमिटेड, सोपान फर्मास्युटिकल्स लिमिटेड, भूगर्भ सिमेन्ट लिमिटेड, रिद्धिसिद्धि सिमेन्ट लिमिटेड, सागर डिस्टिलरी लिमिटेड र अम्बे स्टील्स लिमिटेडले आइपिओ ल्याउने तयारी गरिरहेका छन् ।

लघुवित्त समूहतर्फ स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडको आइपिओ निष्कासनका लागि बोर्डमा विचाराधीन छ । त्यस्तै, लघुबीमा (माइक्रो इन्स्योरेन्स) तर्फ क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रोटेक्टिभ माइक्रो

(बाँकी अन्तिम पातामा)

# युएईका श्रमिकका समस्याबारे अन्तर्क्रिया

प्रस, वीरगंज, २२ मङ्सिर/

युएईको राजधानी अबुधाबीमा रहेको नेपाली दूतावासमा मधेसी एकता समाज युएईले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साहले युएईका मधेसी बुद्धिजीवी र श्रमिकहरूसँग अन्तर्क्रिया गरेका छन्।




युएईका विभिन्न क्षेत्रमा काम गरेर सफल बनेका मधेसी व्यवसायी, श्रमिक र बुद्धिजीवीहरूको सहभागिता रहेको मधेसी एकता समाजका अन्तर्राष्ट्रिय संयोजक डा रवीन्द्रकुमार यादवले बताए। उनले मधेसका श्रमिकहरूको समस्या र उनीहरूका समस्या समाधान गर्न, नेपाली श्रमिकहरूको लागि कस्ता योजनाहरू ल्याउन सकिनेबारेमा छलफल भएको बताए।

कार्यक्रममा सहभागी केही पीडितहरूले नेपालमा दलालहरूले प्रलोभनमा पारी मोटो रकम असुल गरी पठाएको र तर यहाँ सो अनुसारको सेवा सुविधा नपाएको दुःखेसो पोखेका थिए। उनीहरूले कम्पनीले अत्याचार गरेका कारण कतिपय कामदारहरूले काम छाड्नुपरेको भन्दै नेपाल फिर्ता पठाउने व्यवस्था मिलाउन मन्त्रीसँग आग्रह गरेका थिए।

कार्यक्रममा सहभागी बुद्धिजीवीहरूले सरकारले वैदेशिक रोजगारमा जानेहरूलाई गाउँगाउँमा पुगेर जनचेतना फैलाउनुपर्ने सुझाएका थिए। उनीहरूले वैदेशिक रोजगारमा पठाउने बहानामा नेपालीहरूलाई ठगी गर्दै आएका म्यानपावर कम्पनीलाई कारबाही गरिनुपर्ने माग गरेका थिए। मन्त्री साहले अन्तर्क्रियामार्फत आएका सुझावहरूलाई मन्त्रिपरिषद्को बैठकमा राख्ने र समस्याको समाधानका लागि पहल गर्ने आश्वासन दिएका थिए।

कार्यक्रममा मधेसी एकता समाज युएईका अध्यक्ष धर्मेन्द्र गोहिवार यादव, महासचिव रोशन देव, न्यूयोर्क युनिभर्सिटी आबुधाबीका कम्प्युटर इन्जिनीयर उत्तम मिश्र, मधेसी उद्योगी-व्यवसायी विनेश यादव, व्यवसायी जीवक्ष साह, बैंकिङ क्षेत्रकी मधेसी महिला शबनम नाजमी, पीडित श्रमिकहरू मनोज साह, सरोज शर्मा, राजदूतावासका श्रम काउन्सिलर, एनआरएनका महासचिव भुवन वाग्ले लगायतले मन्तव्य व्यक्त गरेका थिए।

## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

> महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,

> हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,

> उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,

**आफन्त, नातेदार, छिमेकी, साथीभाइ वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**




## विन्ध्यवासिनी गापामा निशुल्क आँखा शिविर

प्रस, वीरगंज, २२ मङ्सिर/

विन्ध्यवासिनी गाउँपालिका-५ प्रसौनीभाठास्थित मसरुर पब्लिक विद्यालयमा शनिवार निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ।

'प्रेम सबैलाई गर, कसैलाई घृणा नगर' नाराका साथ अहमदिया सङ्घ नेपालले आयोजना गरेको शिविरको उद्घाटन पूर्व प्रदेशसभा सदस्य प्रह्लाद गिरीले गरेका थिए।

केडिया आँखा अस्पतालको प्राविधिक सहयोगमा भएको निश्शुल्क आँखा शिविरमा ४५२ जनाको आँखा परीक्षण भएको र त्यसमा १५० जनामा मोतीबिन्दु फेला परेको थियो। मोतीबिन्दु भएकाको शल्यक्रिया केडिया आँखा अस्पतालमा हुने अस्पतालका प्रतिनिधि हासिम अहमदले बताए। शिविरमा डा अम्बिका साह, डा व्यास महतो, कौशलकुमार कर्णले आँखा परीक्षण गरेका थिए।

शिविर इसराइल अहमदको अध्यक्षतामा भएको र हासिम अहमदले सहजीकरण गरेका थिए।

## ८० जनाद्वारा रक्तदान

प्रस, निजगढ, २२ मङ्सिर/

'रक्तदान जीवन दान, सेवा नै धर्म' नाराका साथ निजगढ नगरपालिकाको शहीद चोकमा शनिवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

नेपाल विद्यार्थी सङ्घले आयोजना गरेको रक्तदान कार्यक्रमको उद्घाटन गर्दै प्रदेशसभा सदस्य मीना लामाले रगत अभावमा अकालमा मृत्युवरण हुन सक्ने बिरामीहरूले रक्तदानबाट पुनर्जीवन पाउने भएकाले रक्तदान गर्नेहरूलाई धन्यवाद गरिन्। नेविसङ्घ निजगढका अध्यक्ष ईश्वर सापकोटाले १० जना महिलासहित ८० जनाले रक्तदान गरेको बताए।

कार्यक्रममा मनीष तुलाधर, भीमबहादुर भट्टराई, हरिओम दास, अभिषेक शर्मा, शर्मिला विक, सन्ध्या रिजाल, मीना खरेललगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए।

**आइपिओ ...**

इन्स्योरेन्स लिमिटेड र स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडले आइपिओ जारी गर्न बोर्डसमक्ष निवेदन दिएका छन्।

अन्य समूहका १० कम्पनी आइपिओ पाइपलाइनमा छन्। ट्रेड टावर लिमिटेड, कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड, डिस मिडिया नेटवर्क लिमिटेड, आइएमई लिमिटेड, हस्पिटल फर एडभान्स मेडिसिन एन्ड सर्जरी (हेम्स हस्पिटल) लिमिटेड, पिअर इनर्जी लिमिटेड, नेपाल ब्रोडकास्टिङ च्यानल लिमिटेड, कैलाश हेलिकप्टर सर्भिस लिमिटेड, छायादेवी कम्प्लेक्स लिमिटेड र बिजनेस इन्ट्रेस्ट ग्रुप अफ इन्ड्स्टिजले आइपिओ ल्याउँदैछन्।

# खेलकूदको संसार


## सुदूरपश्चिमले लगातार तेस्रो खेल जित्दा, लुम्बिनीको तेस्रो हार

काठमाडौं, २२ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत शनिवार भएको पहिलो खेलमा सुदूरपश्चिम रोयल्सले लुम्बिनी लायन्सलाई ४५ रनले पराजित गर्दै प्रतियोगितामा लगातार तेस्रो जीत दर्ता गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा १८८ रनको लक्ष्य पछ्याएको लुम्बिनी लायन्स निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १४२ रनमा समेटियो। योसँगै लुम्बिनीले प्रतियोगितामा लगातार तेस्रो हार बेहोर्दै अङ्कतालिकाको अन्तिममा पुगेको छ।

पहिलो जीतको खोजीमा लक्ष्य पछ्याएको लुम्बिनीलाई शुरूमैं झट्का लाग्यो। शून्य रन छँदा पहिलो विकेट गुमाएको उसले पाँच रनमा दोस्रो विकेट र नौ रन छँदा तेस्रो विकेट गुमायो। साथै १९ रन छँदा चौथो र पाँचौं विकेट गुमाएपछि लुम्बिनी दबाबमा परेको थियो। त्यसपछि ब्याटिङ गर्न आएका विवेक यादवले १४२ दशमलव ५९ को स्ट्राइक रेटमा ७७ रन बटुले पनि त्यो जीतका लागि पर्याप्त भएन।




लुम्बिनीका अर्जुन साउद, साद विन जफर, रामेन साइमन्ड्स र दुर्गेश गुप्ता शून्य रनमा आउट हुँदा सुन्दीप जोराले २० र दिनेश अधिकारीले १४ रन बनाए। अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

सुदूरपश्चिमको जीतमा ब्रान्डोन म्याक मुलेन र सेफ अलि जेबले समान तीन विकेट लिए भने स्टक कुगेलेनले दुई र अविनाश बोहोराले एक विकेट हात पारे।

त्यस अघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले ओपनर सेफ अलि जेबको आक्रमक ब्याटिङमा कुल १८७ रनको योगफल तयार पारेको थियो। सेफले ६१ बल खेल्ने क्रममा छ चौका र पाँच छक्काको सहयोगमा ९० रन बनाए। कुल १९ बल खेलेका दीपेन्द्र सिंह ऐरीले चार चौका र दुई छक्काको सहयोगमा ३९ रन बनाए। त्यसैगरी, ब्रान्डेन म्याक मुलेनले २३ र विनोद भण्डारीले १७ रन बनाए।

लुम्बिनीका लागि रामेन साइमन्ड्सले दुई, कप्तान रोहित पौडेल र विवेक यादवले समान एक/एक विकेट लिए।

## कर्णाली याक्स सात रनले विजयी

काठमाडौं, २२ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग अन्तर्गत आज भएको दोस्रो खेलमा कर्णाली याक्स सात रनले विजयी भएको छ। १३४ रनको मध्यम लक्ष्य पछ्याएको विराटनगर किङ्ग्स कर्णालीका नन्दन यादवको कसिलो बलिङमा निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा १२६ रनमा समेटियो।

कर्णालीको जीतमा नन्दन यादवले चार ओभर बलिङ गर्ने क्रममा १९ रन खर्चेर तीन विकेट लिए। साथै विपिन यादवले दुई तथा सोमपाल कामी, विलियम बोसिस्टोले र उनिश ठकुरीले एक/एक विकेट लिए।

विराटनगरका लागि निकोलस कीर्तनले ३९ बलमा चार चौका र एक छक्काको सहयोगमा ४० रन बनाए पनि जीतका लागि पर्याप्त भएन। उसका लागि ओपनर लोकेश बमले १९ र दीपक बोहोराले १८ रनको योगदान दिए भने अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको कर्णाली याक्सले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै १३३ रन मात्रै बनाएको थियो। उसका लागि विलियम बोसिस्टोले ४९ बलमा पाँच चौका र तीन छक्काको सहयोगमा ६६ रन बनाए। साथै ओपनर देव खनालले ४८ बलको सामना गर्ने क्रममा चार चौका र दुई छक्का प्रहार गर्दै ५३ रनको योगदान दिए।

कर्णालीका पाँच ब्याटरले खाता नै खोल्न सकेनन्। गुलशन झा, सोमपाल कामी, नन्दन यादव, विपिन शर्मा र उनिश ठकुरी शून्य रनमा आउट भए। अघिल्ला दुईवटा खेलमा चम्केका ओपनर शिखर धवनले व्यक्तिगत पाँच रन छँदा आउट भए।

कर्णाली याक्सलाई मध्यम स्कोरमा समेट्ने क्रममा विराटनगरका लागि प्रतीश जिसीले चार विकेट लिए। साथै क्रिस सोल र बसिर अहमदले समान दुई विकेट लिए भने अकिब इलायसले एक विकेट लिए। चार खेलमा दुईमा जीत हासिल गरेको कर्णालीसँग चार अङ्क छ भने समान खेल खेलेको विराटनगरसँग एक जीतका साथ दुई अङ्क छ।

# लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानमा सडक नाटक


नितेश कर्ण, वीरगंज, २२ मङ्सिर/

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत शनिवार १३औं दिनमा सर्लाही जिल्लाको मलङ्गवा नगरपालिकाको आयोजनामा बालविवाह, दाइजोप्रथासम्बन्धी जनचेतनामूलक सडक नाटक तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ।

नगरपालिका कार्यालय प्राङ्गणमा भएको कार्यक्रममा महिलाको क्षेत्रमा काम गर्ने महिला अधिकारकर्मी, मानव अधिकार, पत्रकारलाई मायाको चिह्नबाट सम्मानित गरिएको थियो।

उपप्रमुख शकुन्तलादेवी साहको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन नगरप्रमुख नागेन्द्रप्रसाद यादवले गरेका थिए। उनले महिलाको क्षेत्रमा काम गर्ने संस्थाहरूलाई नगरपालिकाले सहयोग गर्दै आएको र आगामी दिनमा पनि गर्ने प्रतिबद्धता जाहेर गरे।

कार्यक्रममा कविलासी नगरपालिकाकी उपप्रमुख पूनम कर्ण, मानव अधिकार रक्षक सञ्जालका अध्यक्ष मुकेशकुमार मिश्र, महिला अधिकारकर्मी रम्भा झा, ओरेक नेपालका अध्यक्ष नन्दनी यादव, नागरिक समाज सर्लाहीका महासचिव शिवचन्द्र चौधरी, प्रहरी निरीक्षक बालिष्टर सिंह, पत्रकार महासङ्घ मधेस प्रदेशका कोषाध्यक्ष



विश्वनाथ ठाकुर, बज्जिका समाजका संस्थापक अध्यक्ष रामचन्द्र कुशवाहालगायतले मन्तव्य व्यक्त गरेका थिए। सो अवसरमा महिला हिंसाविरुद्ध सडक नाटक प्रस्तुत गरिएको थियो।